BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.

को

# चौविसौ वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट)

मिति : २०७८ साल भाद्र ३० गते बुधवार (तदनुसार १५ सेप्तेम्वर, २०२१)
स्थान : केन्द्रिय कार्यालय,कमलादी ,काठमाडौं ।

.....................
राज सुन्दर श्रेष्ठ
कम्पनी सचिव

.....................
अमिरध्वज प्रधान
अध्यक्ष , सञ्चालक समिति
तथा
सभापति, चौविसौ बार्षिक साधारण सभा

# बेष्ट फाईनान्स कम्पनी लिमिटेडको
## चौविसौ वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माईन्यूट)

**१) वैधानिक सभा :**

कम्पनी ऐन , २०६३ र संस्थाको नियमावली बमोजिम चौविसौ वार्षिक साधारण सभा संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री अमिरध्वज प्रधानज्यूको सभापतित्वमा तपसिलमा उल्लेखित मिति ,समय र स्थानमा भौतिक तथा Virtual माध्यमवाट बसी देहायको विषय उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२) सभाको मिति,स्थान र समय :**

**मिति** : २०७८ साल भाद्र ३० गते बुधवार (तदनुसार १५ सेप्तेम्वर, २०२१)

**स्थान** : केन्द्रीय कार्यालय, कमलादी, काठमाडौं

**समय** : बिहान ११.०० बजे ।

(कोभिड –१९ महामारीको जोखिमका कारण साधारण सभामा अनलाईन )

**३) सभा सम्वन्धि सूचना :**

यस संस्थाको मिति २०७८ श्रावण २८ गते विहिवारका दिन बसेको सञ्चालक समितिको ५२८ औं बैठकले निर्णय गरे बमोजिम संस्थाको चौविसौ वार्षिक साधारण सभा सम्बन्धी सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु कम्पनी ऐन ,२०६३ को दफा ६७ तथा संस्थाको नियमावली बमोजिम २१ दिन अगावै २०७८/०४/३१ गते र २०७८/०४/३२ गते **"आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा २ पटक शेयरधनीहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**४) छलफलको विषयसूची :**

**(क) सामान्य प्रस्ताव**

१. यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०७६/०७७ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२ .यस वेष्ट फाईनान्स क.लि.को आ.ब.२०७६/०७७ को लेखा परिक्षणको प्रतिवेदन सहितको वार्षिक वित्तीय विबरणहरु छलफल गरि पारित गर्ने ।

३. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०७६/०७७ को वार्षिक वित्तीय विवरण (२०७७ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत वार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

४. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.ब.२०७७/०७८ को लागि बाह्य लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. यस बेष्ट फाइनान्स कम्पनी लि.को संचालक समितिबाट सस्थापक शेयरधनीको तर्फबाट मनोनीत महिला संचालक नियुक्तीको अनुमोदन गर्ने ।

६. संचालक समितिको लागि संस्थापक तथा सर्वसाधारण समूहको संचालकहरुको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव

१. यस वित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्याँकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकन कर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आवश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) बिबिध

५) सभामा उपस्थिति :

५.१ सञ्चालकहरुको उपस्थिति (कम्पनी ऐन , २०६३ को दफा ६८ बमोजिम)

| | | |
|---|---|---|
| १. | श्री अमिर ध्वज प्रधान | अध्यक्ष |
| २. | श्री कृष्णहरी श्रेष्ठ | सञ्चालक |
| ३. | श्री मिलन थापा | सञ्चालक |
| ४. | श्री सुरज क्षेत्री | सञ्चालक |
| ५. | श्री दिपक ढकाल | सञ्चालक |
| ६. | श्री बिमल प्रसाद ढकाल | सञ्चालक |
| ७. | श्री सुशिला खनाल | सञ्चालक |

५.२ **पर्यवेक्षक ,आमन्त्रितहरुको उपस्थिति :**

१) श्री अरुण पौड्याल – कानुनी सल्लाहकार

२) श्री श्याम कुमार खत्री – कानुनी सल्लाहकार

३) उप–रजिष्टार श्री हरि प्रसाद अधिकारी – कम्पनी रजिष्ट्रारको कार्यालय

४) श्री अनुप कुमार श्रेष्ठ – वाह्य लेखापरिक्षक (वि.आर.एस.न्यौपाने एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स )

५.३ **पदाधिकारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री उमेश सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री शैलेन्द्र बादे श्रेष्ठ | सहायक महाप्रबन्धक |
| ३. | श्री शरद उपाध्याय | प्रबन्धक |
| ४. | श्री राज सुन्दर श्रेष्ठ | कम्पनी सचिव |

५.४ **शेयरधनीहरुको उपस्थिति :**

१) स्वयम उपस्थित : ३८ जना

२) प्रतिनिधिद्धारा उपस्थित : १४७ जना

३) अनलाईन(भर्चुअल) उपस्थिति :१९

४) जम्मा उपस्थिति शेयरधनी संख्या : २०४

६ **सभाको गणपुरक संख्या -कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम :**

| शेयर तथा शेयरधनी | जम्मा | स्वयम् उपस्थिति अनलाईन समेत | प्रतिनिधीद्धारा उपस्थित | जम्मा उपस्थित | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा शेयर संख्या | ८२८९१३७ | २९००२४६ | २६२२८६८ | ५५२३११४ | ६६.६३ % |
| जम्मा शेयरधनी | १३९४९ | ५७ | १४७ | २०४ | |

**७.सभाको बैधानिकता :**

७.१  साधारण सभा शुरु हुनु अघि सभामा उपस्थित शेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई कम्पनी सचिवले संस्था तथा आफनो तर्फवाट स्वागत अभिवादन गर्दै कम्पनी ऐन २०६३ र संस्थाको नियमावली तथा प्रचलित कानुन बमोजिम संस्थाको चौविसौ वार्षिक साधाण सभा विश्वभरी फैलिएको कोभिड १९ को कारणले अनलाईन(भर्चुअल) समेतवाट बोलाईएको जानकारी गराउनु भयो ।

७.२. सभा संचालनको लागि कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ र संस्थाको नियमावली बमोजिम साधारणसभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानुन बमोजिम सभा वैधानिक रहेको जानकारी संस्थाका कानुनी सल्लाहकार श्री अरुण पौड्यालले सभामा जानकारी गराउनु भयो ।

७.३ गणपुरक संख्या पुगेका. हुँदा सभा रीतपूर्वक बोलाईएको सभा गर्न मन्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय उपर छलफल गर्न मन्जुर गरियो ।

८.सभाको बैधानिकता एकीन भएपछि कम्पनी ऐन २०६३ को दफा ६९ को उपदफा २ र संस्थाको नियमावली बमोजिम संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री अमिरध्वज प्रधानज्यूलाई संस्थाको यस चौविसौ वार्षिक साधारणसभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो । र संस्थाको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो ।

९.स्वागत मन्तब्य :

यस संस्थाका सञ्चालक श्री सुशिला खनालज्यूले सभामा उपस्थित शेयरधनीहरु, अतिथि एवं आमन्त्रीत व्यक्तित्वहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य राख्नु भयो ।

**१०.सभा सञ्चालन र संचालक समितिको तर्फवाट अध्यक्षको प्रतिवेदनको प्रस्तुती :**

**१०.१** सञ्चालक समितिका अध्यक्ष एंव साधारण सभाका सभापति श्री अमिर ध्वज प्रधानज्यूले पानसमा दीप प्रज्वलन गर्दै सभाको बिधिवत उदघाटन गरी संस्थाको संचालक समितिको तर्फवाट अध्यक्षको वार्षिक प्रतिवेदन २०७६/७७ साधारणसभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०.२** सभा समक्ष अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरिक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तसम्मको वासलात र आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत) तथा अन्य प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**११.साधारणसभामा शेयरधनीहरुको निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने कम्पनी ऐन २०६३ को दफा ७४ मा व्यवस्था भए अनुरुप सभापतिद्धारा प्रस्तुत प्रस्तावहरु समेतमा छलफलको लागि मन्तव्य , विचार ,जिज्ञासा तथा सुझाव राख्न चाहने शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नुभयो ।**

११.१ छलफलमा सहभागी हुने शेयरधनीहरु :

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा १० जना शेयरधनीहरुले अनलाईन तथा स्वयंम उपस्थित भई संस्थाको काम,कारवाही, वार्षिक हरहिसाव तथा वार्षिक प्रतिवेदन सम्वन्धमा आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो । वक्ता शेयरधनीहरुको नामावली निम्नानुसार रहेका छ ।

१. श्री अमृतनाथ रेग्मी

२. श्री डमरु वल्लभ घिमिरे

३. श्री रोज कुमार श्रेष्ठ

४. श्री शत्रुघन श्रेष्ठ

५. श्री राज काजी शाक्य

६. श्री चन्द्र नारायण श्रेष्ठ

७. श्री उद्धव प्रसाद घिमिरे

८. श्री महेन्द्र वहादुर श्रेष्ठ

९. नरसिंह लाल चंखु

१०. राजेन्द्र कुमार शर्मा

**१२. शेयरधनीहरुबाट व्यक्त गरिएका मन्तव्यको संक्षिप्त विवरण :**

१. संस्थाको साधारणसभा समयमा गर्नु पर्ने ।

२. व्याज आम्दानी तथा अन्य आम्दानी वृद्धि गर्न पर्यो ।

३. निस्कृय कर्जा सन्तोषजनक रुपमा घट्न नसकेको ।

४. संस्थाले मर्जमा जांदा सवल कम्पनी तथा आपनो स्तर अनुसारको संस्थासंग Merger मा जान उपयुक्त हुने ।

५. पूंजी वृद्धिमा ध्यान दिन पर्यो ।

६. लगानीकर्तालाई प्रतिफल दिन सक्नु पर्‍यो ।

७. संचित नोक्सानीलाई कम गर्दै आगामी वर्ष वोनस दिने वातावरण बनाउन पर्यो ।

BFC BEST FINANCE COMPANY LTD.

८. संस्थाको सम्पतिको समय समयमा मूल्यांकन गर्न पर्ने ।

९. राम्रो स्थानमा शाखा विस्तार हुनु पऱ्यो ।

१०. समग्रमा संस्थाको स्थिति सन्तोषजनक भएता पनि अझ मेहनत गर्न पर्यो ।

११. अघिल्लो वर्ष भन्दा खर्च कम देखिएकोमा खुशी लाग्यो ।

१२. संस्थाको आउने वर्ष २५ औ वर्षमा प्रवेश गर्न लागेमा शुभकामना ।

१३ . भर्चुअल माध्यमवाट भएको कार्यक्रममा प्रविधिमा अलि कमजोर भएको ।

१४. संस्थाले राम्रो सक्षम प्रमुख कार्यकारी अधिकृत पाएकोमा उंहाको नेतृत्वमा संस्था अझ राम्रो हुने आशा ।

**१३.सभापतिज्यूले दिनु भएको जवाफहरु :**

छलफलको क्रममा सहभागी शेयरधनी महानुभावले प्रस्तुत गर्नु भएका मन्तव्य,जिज्ञासा,अमूल्य सुझाव तथा प्रश्नहरु प्रति संचालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री अमिरध्वज प्रधानज्यूले प्रतिवेदनमा शेयरधनी महानुभावहरुले सुझावहरु दिनु भई उत्साह प्रदान गर्नु भएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै शेयरधनी महानुभावहरुले दिनुभएका सुझावहरु स्वागत योग्य रहेको र उक्त सुझावहरुलाई आत्मसाथ गर्दै खराव कर्जा प्रतिशतमा सुधार हुदै आएको र शेयरधनीहरुको सल्लाह अनुसार मर्जरमा जान परेमा आफ्नो स्तर मिल्दो विकास बैंक वा फाईनान्स कम्पनीलाई प्राथमिकता दिने अन्य कुराहरु आगामी वर्षहरुमा सुधार गर्दै लैजाने सभालाई जानकारी गराउनुभयो ।

**अध्यक्षज्यूको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृतज्यूले दिनु भएको जवाफ :**

- संस्थाको २४ औ प्रतिवेदनको आधारमा आफनो सल्लाह सुझाव दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुमा तथा प्राप्त सुझावहरुले हामीलाई प्रेरणा दिएको सभालाई जानकारी गराउनुभयो ।
- संस्थाको खराव कर्जा आगामी वर्ष ०७८/७९ मा खराव कर्जा प्रतिशत ०.५ प्रतिशतमा ल्याउने प्रतिवद्धता व्यक्त गर्नु भयो ।
- संस्थाको Fixed assets को आ.व.०७४/७५ मा मूल्यांकन भएको जानकारी दिनुभयो ।
- संस्थाले समयमा नै साधारणसभा गर्नको लागि प्रयास गरेको भएता पनि विश्वव्यापी फैलिएको कोभिड १९ रोगको कारण नेपाल सरकारवाट जारी निशेधाज्ञाको कारण घोषित साधारणसभा स्थंगन गर्दै पुन साधारण सभा गर्न परेको कारण साधारणसभा समयमा नै गर्न नसकेको जानकारी गराउदै आगामी साधारणसभा फागुन मसान्त सम्ममा सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्नुभयो ।
- संस्थाले आगामी दिनमा संचालन घाटा घटाउदै लैजानै तथा शेयरधनीहरुलाई लांभाश वितरण दिने वातावरण तयार गर्दै लगेको र सो अनुसार कार्य हुदै आएको जानकारी गराउनु भयो ।

१४.सभाको निर्णयहरु :

सभापतिज्युले जवाफ दिने क्रम सकिए पछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय बमोजिम निर्णय भयो ।

**(क) सामान्य प्रस्ताव**

१.यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०७६/०७७ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

**सभाको निर्णय** : सञ्चालक समितिको प्रतिवेदन आ. ब. २०७६/०७७ उपर विस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नुभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२ .यस वेष्ट फाईनान्स क.लि.को आ.ब.२०७६/०७७ को लेखा परिक्षणको प्रतिवेदन सहितको बार्षिक वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने ।

**सभाको निर्णय** : लेखा परिक्षणको प्रतिवेदन आ.ब.२०७६/०७७ उपर विस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नुभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०७६/०७७ को बार्षिक वित्तीय विवरण (२०७७ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

**सभाको निर्णय** : लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०७६/०७७ को बार्षिक वित्तीय विवरण ( २०७७ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत) विस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नुभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.ब.२०७७/०७८ को लागि वाह्य लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**सभाको निर्णय** : अध्यक्षद्वारा संस्थाको आ. ब. २०७७/०७८ को लागि लेखापरिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा लेखापरिक्षण समितिको सिफारीस बमोजिम आ.ब २०७७/०७८ को वाह्य लेखा परिक्षण गर्नको लागि श्री बि.आर.एस न्यौपाने एण्ड कम्पनीलाई लेखापरिक्षण शुल्क मु.अ.कर बाहेक रु.३,००,००० (अक्षरेपी तीन लाख मात्र) तथा भ्रमण खर्च,

दैनिक भत्ता लगायत अन्य खर्चहरु मु.अ.कर बाहेक जम्मा रु.८०,०००।०० मा भुक्तानी गर्ने गरी नियुक्ती गरिदिन सभापतिज्यूले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५. यस बेष्ट फाइनान्स कम्पनी लि.को संचालक समितिबाट सस्थापक शेयरधनीको तर्फबाट मनोनीत महिला संचालक नियुक्तीको अनुमोदन गर्ने ।

**सभाको निर्णय** :संचालक समितिबाट सस्थापक शेयरधनीको तर्फबाट मनोनीत महिला संचालक श्री सुशिला खनाल ज्यूको नियुक्तीको अनुमोदन गर्ने सभापतिज्यूले प्रस्ताव गर्नुभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

६. संचालक समितिको लागि संस्थापक तथा सर्वसाधारण समूहको संचालकहरुको निर्वाचन गर्ने ।

निर्वाचन अधिकृत श्री गोविन्द कुमार श्रेष्ठले संचालक समितिको लागि संस्थापक तथा सर्वसाधारण समूहको संचालकहरुको निर्वाचन सम्बन्धमा संस्थापक समूहको तर्फ वाट ४ जना तथा सर्वसाधारण समूहको तर्फवाट २ जना गरी तपसिल बमोजिमका संचालकहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नु भयो ।

सञ्चालक : श्री लक्ष्मी श्रेष्ठ (संस्थापक समूह)
सञ्चालक : श्री रामचन्द्र देवकोटा (संस्थापक समूह)
सञ्चालक : श्री राम कृष्ण चौलागाई (संस्थापक समूह)
सञ्चालक : श्री सुधिर ज्ञवाली (संस्थापक समूह)
सञ्चालक : श्री श्रीराम श्रेष्ठ (सर्वसाधारण समूह)
सञ्चालक : श्री खिमलाल पौड्याल (सर्वसाधारण समूह)

**(ख) विशेष प्रस्ताव**

१. यस बित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्वन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्याँकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकन कर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**सभाको निर्णय** :यस बित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्वन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्याँकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकन कर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आवश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

(ग) बिबिध :

यस चौविसौ वार्षिक साधारण सभाको निर्धारित विषय सूची नं "ग" मा रहेको बिबिध शिर्षकमा छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको व्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

१५. धन्यवाद ज्ञापन :

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएपछि संचालक श्री दिपक ढकालज्यूले चौविसौ वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण महानुभावहरु,पत्रकारवर्ग तथा प्रतिनिधी एवं सम्पूर्ण कर्मचारी वर्गमा साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पूरयाउनु भएकोमा हार्दिक धव्यवाद ज्ञापन गर्नुभयो ।

१६.सभा विसर्जन :

तत्पश्चात सभाका सभापति श्री अमिरध्वज प्रधानज्यूले सभा संचालन गर्न सभामा उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद ग्नर्को साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सवैलाई बधाई दिनुहुदै २:०० बजे संस्थाको चौविसौ वार्षिक साधारणसभा विर्सजन भएको घोषणा गर्नु भयो ।

..................
राज सुन्दर श्रेष्ठ
कम्पनी सचिव

..................
अमिरध्वज प्रधान
अध्यक्ष , सन्चालक समिति
तथा
सभापति, चौविसौ बार्षिक साधारण सभा